नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## जुम्ला

फोन.नं :०८७-५२००१२
फोन.नं :-०८७-५२०११२
daojumla@gmail.com

प.सं. २०७७/७८(प्रशासन)
च.नं.

मिति :२०७७/१२/१०

## अत्यन्त जरुरी सूचना !!!

छिमेकी मुलुक भारतमा हाल कोभिड-१९को प्रकोप थप क्रियाशिल भई संक्रमणको दर बढ्दै गएको र मृत्युदरमा वृद्धि भएको सन्दर्भमा खुला सिमानाको कारण सीमा नाकाहरूबाट मानिसहरूको आवत जावत बढी देखिएकोले स्वास्थ्य मन्त्रालय समेतबाट प्रेस विज्ञप्ती जारी गरी आम नागरिकलाई सजग र सतर्क रही स्वास्थ्य मापदण्ड पालना गर्न/गराउन अनुरोध गरिएको हामी सबैलाई विदितै छ।

जुम्ला जिल्लामा कोभिड-१९ को संक्रमण फैलिन नदिन समय-समयमा निषेधाज्ञा, सूचना र प्रेस विज्ञप्ति जारी गरी जिल्लावासीमा अनुरोध गरिएको र सोको पालना गरी जिम्मेवार नागरिकको दायित्व निर्वाह गर्नु हुने सम्पूर्ण महानुभावहरूलाई जिल्ला प्रशासन कार्यालय,जुम्लाको तर्फबाट हार्दिक आभार प्रकट गर्दछौ। कोभिड-१९ दोस्रो वेभ छिमेकी मुलुक भारतवाट तिव्र रूपमा फैलिएको हुदाँ पुनः कोभिड-१९ विरूद्ध लड्न जिल्ला स्थित वुद्धिजिवी, समाजसेवी,व्यवसायी ,उद्योगी,नागरिक समाज र सर्वसाधारण महानुभावहरूलाई आवश्यक सहयोग तथा समन्वयका लागि हार्दिक अपिल गरिन्छ। साथै जुम्ला जिल्लामा कोभिड-१९ को संक्रमण थप फैलिन नदिन तपसिल बमोजिमका सावधानी अपनाउन हुन जिल्ला स्थित विभिन्न निकाय, स्थानीय तह, अन्य सरोकारवाला एवं सम्पूर्ण जिल्लावासी महानुभावहरूमा हार्दिक अनुरोध गरिन्छ।

### तपसिल

१.भारत तथा तेस्रो मुलुकबाट यस जिल्ला भित्र आएका व्यक्तिहरूलाई कम्तिमा १० दिनसम्म होम क्वारेन्टीनमा बस्ने व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउने।

२. कोभिड-१९ को लक्षण देखिएमा तत्काल तोकिएको स्वास्थ्य संस्थामा गई कोरोना परीक्षण गर्ने / गराउने।

३. सार्वजनिक ठाँउमा हिड्डुल गर्दा अनिवार्य रूपमा मास्क लगाउने र न्यूनतम २ मीटरको सामाजिक दुरी कायम गर्ने/ गराउने।

४.अति आवश्यक बाहेक जिल्ला भित्र भेला, जमघट, गोष्ठी, सेमिनार तथा अत्याधिक भिडभाड हुने कुनै पनि किसिमको कार्यक्रम, सभा तथा समारोह आयोजना एवं सञ्चालन गर्न नहुने।

५.हरेक व्यक्तिले समय-समयमा साबुन पानीले हात धुने वा अनिवार्य रूपमा सेनिटाईजरको प्रयोग गर्ने/गराउने।

६.जिल्ला भित्र कोभिड-१९ को संक्रमणको संभावनालाई दृष्टिगत गरी सबै स्थानीय तहले आ-आफ्नो क्षेत्र भित्र पंहिले सञ्चालनमा आएका क्वारेन्टाईन र आईसोलेशन केन्द्रलाई तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने।

७.स्थानीय तह एवं स्वास्थ्य संस्थाहरूले कोभिड-१९ को संक्रमणबाट बच्ने उपायहरूको सम्बन्धमा सघन रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने साथै स्वास्थ्य केन्द्रबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउने।

८. भारत लगायत तेस्रो मुलुकबाट यस जिल्ला भित्र प्रवेश गर्ने व्यक्तिहरूको विवरण सम्बन्धित स्थानीय तहहरूले तयार गर्ने र होम क्वारेन्टिमा अनिवार्य बस्ने व्यवस्था तत् गाउँपालिका तथा नगरपालिकाले मिलाउने।

९.निकट आउदै गरेको फागु पूर्णिमा(होली)को अवसरमा घर परिवार भित्र मात्र मनाउने साथै सार्वजनिक रूपमा भिडभाड ,जमघट तथा भेला नगर्ने/ नगराउने।

१०. होटेल,पसल र व्यापार व्यवसाय सञ्चालन गर्दा जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड उचित रूपमा परिपालना गरेर मात्र सञ्चालन गर्नु पर्ने साथै बेलुका ८ बजे भित्र होटेल एवं पसल अनिवार्य रूपमा बन्द गर्नु पर्ने।

***पुनश्चः-मास्क प्रयोग नगर्ने लगायत जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड परिपालना नगर्ने जो सुकैलाई संक्रमाक रोग ऐन,२०२० र स्थानीय प्रशासन ऐन,२०२८ बमोजिम कारवाही गरिने व्यवहोरा सूचित गरिन्छ।***

०७७/१२/१०
भूपेन्द्र थापा
प्रमुख जिल्ला अधिकारी